ज्ञानेन्द्र शाहको संक्रमणपछिको सक्रियता

● कपिल अर्याल

भूराजनीतिक द्वन्द्व तीव्र भइरहेको समयमा पूर्वराजा ज्ञानेन्द्र शाह भूप्रभावित क्षेत्र सिलगुरी कोरिडोर को मार्ग हुँदै सुटुक्क भारत प्रस्थान गरेका छन् । अनधिकृत रूपमा आरएसएसका नेता मोहन भागवत, वीजेपीका प्रभावशाली नेता योगी आदित्यनाथलगायतसँग अनधिकृत भेटघाटका खबरहरू अनधिकृत रूपमा सार्वजनिक भए पनि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँगको भेटवार्ता भने सूचनाका क्षेत्रमा सम्प्रेषित भइरहेका छन् ।

नेपालको विधैंदो राजनीतिक अवस्थाकाबीच पूर्वराजा ज्ञानेन्द्र शाहको भारत भ्रमणलाई विशेष महत्त्वका रूपमा विश्लेषण हुनथालेको छ । संविधानतः अभिभावकविहीन मुलुक भएको बेला पूर्वराजाको भ्रमणले दक्षिण एसियाली राजनीतिकी भूराजनीतिक अवस्थामाथि थप नयाँ उतारचढाव उत्पन्न त हुँदैन भन्ने विषय चासो बनेको छ । पूर्वराज शाहलाई प्रायः मान्छेहरूले पूर्वराजाको रूपमा ग्रहण गर्ने गरेका छन् तर उनीभित्र कौटल्य राजनीतिक चेत छ भन्ने कुरामा त्यति धेरै चर्चा भएको पाइँदैन । उनी राजनीतिक, कूटनीतिक र अन्तर्राष्ट्रिय विषय प्रसंगका ज्ञाता पनि हुन् ।

ज्ञानेन्द्र शाहकै कार्यकालमा दक्षिण एसियाली संगठन सार्कमा चीनलाई पर्यवेक्षक राष्ट्रको रूपमा भित्र्याउँनुपर्छ भन्ने मान्यता ज्ञानेन्द्र शाहले नै राखेका थिए । उक्त विषयले दक्षिण एसियाली राजनीतिमात्र नभएर पश्चिमेली राजनीतिमा दूलै अर्थ राखेको थियो । कतिले त त्यसलाई शाहको पतनको पछाडि एउटा अमुक कारणको रूपमा लिएका छन् । भारतीयहरूसँग सदियौँदेखि धार्मिक र सांस्कृतिक सम्बन्ध हुनु स्वभाविक नै थियो । ज्ञानेन्द्र शाहको पालामा भारतीय सत्तासँग शाहले सन्तुलित सम्बन्ध कायम गरेका थिए ।

जब १२ बुँदे समझदारी दिल्लीमा हुनगयो, यसैको आडमा भारत र दरबारबीचका सम्बन्धमा केही तित्तता उत्पन्न भएका थिए । शाह साम्राज्यका अन्तिम विरासत ज्ञानेन्द्र शाह सत्ताचुत भएपछि भारतको सोझै सम्बन्ध नेपालका राजनीतिक दलहरूसँग हुन गयो । कतिको भनाइमा यहीबाट नेपालको राजकीय सत्ता शक्ति सन्तुलनको सन्दर्भमा असन्तुलित हुन गयो । भारतमा सत्तासीन रहेको बीजेपी खाली कन्जर्भेटिभ दलको रूपमा मात्र परिचित छैन । यसलाई कतिले हिन्दूवादी पार्टीको रूपमा लिने गरेका छन् । नेपालमा पनि ६३ जेठ ४ गते अप्रत्यासित ढंगबाट धर्मनिरपेक्ष राज्य घोषणा गरेपश्चात् भारत-नेपालको राजनीतिक परिवर्तनबाट सन्तुष्ट देखिँदैन ।

नेपालमा पटक-पटक हिन्दु राज्यका लागि हुने आन्दोलनहरूले कहीँ न कतै बहुसंख्यक हिन्दुमाथिको अपमानको रूपमा लिएका छन् । सत्ताचुत भइसकेपछि शाह देश दौडामा कुदिरहेका छन् । भ्रमणको नाममा होस्, धार्मिक पूजापाठ वा कुनै न कुनै रूपमा उनी देशविदेश घुमिरहेका छन् । यसले के संकेत गर्छ भने शाह केवल पूर्वराजामात्र होइनन् उनी एक कौशल र कौटल्य राजनीतिज्ञ पनि हुन् भन्नेमा दुई मत छैन । धर्मनिरपेक्षताको नयाँ कदमले राजतन्त्रमात्र समाप्त भएन हिन्दु राज्यको पहिचान समाप्त हुन गयो । त्यसपछि सदाका लागि नेपालको राजसंस्था इतिहासमा मात्र सीमित हुन पुग्यो । तर, नेपालको राजसंस्था बहुसंख्यक हिन्दुहरूको प्रतिनिधित्व गर्ने प्रतिनिधिमूलक संस्था चाहिँ थियोभन्दा कुनै फरक पर्नेछैन । हिन्दु राष्ट्र विश्वकै एउटा पहिचान थियो जुन हामीले अग्रगमनको नाममा मेटाउन सफल भयौं ।

आजको वर्तमान अस्थिरताको परिणाममध्ये धर्मनिरपेक्षता एक कारणको रूपमा चित्रण गर्न सकिन्छ । विश्वमा कैयौं राष्ट्रहरू सेकुलर छन् सेकुलर राष्ट्रहरूले प्रगति गरेका छैनन् भन्ने आशय चाहिँ होइन । सदियौँदेखि विविध जाति-भेषभूषा मिलेर बसेको समाजमा एकाएक सेकुलरिजमको नाममा जनताको अभिमतविना पन्थ निरपेक्षताबाद लादिनुले बहुसंख्यिक हिन्दुमा चरम असन्तुष्टि उत्पन्न हुनगयो । यसैको आडमा बेलाबेलामा संवैधानिक हिन्दु राजसंस्था र नेपालमा राजतन्त्रको वकालत हुनेगरेको सबैले महसुस गर्न सक्छौ । स्वीडेन, बेल्जियम, नर्वे, बेलायत र गल्फ क्षेत्रका कैयौं राज्यहरू राजतन्त्रात्मक व्यवस्था भएका राज्य हुन् ।

तसर्थ विषय राजसंस्थात्मक व्यवस्था कि उन्नत लोकतान्त्रिक व्यवस्था वा गणतन्त्रात्मक व्यवस्था भन्ने होइन बरू शासकले राष्ट्रियताको विकास र शासन सञ्चालनमा करतो भूमिका निर्वाह गर्छ भन्ने हो । इतिहासका कयौं कालखण्डलाई भजाएर वर्तमानमा आफू चोखिने प्रयत्न गऱ्यौ । तर, आमनागरिक र जनतालाई जनपक्षीय रूपमा के योगदान गर्न सक्यौं भन्ने महत्त्वपूर्ण विषय हो । १९औं शताब्दीपछि कैयौं मुलुक स्वतन्त्रताका लागि लडिरहे त्यो उपयुक्त कदम थियो । किनकि शासकहरूले स्वतन्त्रता आफूमा मात्र सीमित राखेका थिए भने आमनागरिकलाई स्वतन्त्रता प्रदान गरेका थिएनन् त्यसकारण स्वतन्त्रताका आन्दोलन उपयुक्त थियो ।

हालको परिवेश स्वतन्त्रताको नाममा जुन प्रकारको अतिवाद र उश्रृंखलता उत्पन्न भएको छ परिस्थितिले नियन्त्रणमा आधारित सीमित अधिकारको स्वतन्त्रता माग भएको देखिन्छ । त्यो नियन्त्रित अधिकारसहितको स्वतन्त्रता संसदीय व्यवस्था लोकतन्त्र र गणतन्त्रबाट सम्भव देखिएको छैन । बरू संविधानलाई कठोर संविधानको रूपमा विकसित गरी अनावश्यक अधिकार र स्वतन्त्रता कुण्ठित गर्नुपर्दछ । दोस्रो कुरा सामुहिकतामा आधारित राज्य व्यवस्था नेपालको परिवर्तनको नयाँ आयाम हो । निषेध-विभेदले सर्वपक्षीय राजनीतिक मूल्य र मान्यता स्थापित गर्न सक्दैन ।

दरबारकालीन समयमा राष्ट्रिय अन्तर्राष्ट्रिय प्रभावहरू थिएनन् भन्ने चाहिँ होइन । एसपीपीलगायतका अन्तर्राष्ट्रिय दबावहरू कायम थिए । दरबार र भारतीय कांग्रेस आईबीचको रुष्टता कायमै थियो । आन्तरिक रूपमा दरबारले संसद् विघटन सैनिक 'कू' लगायत विषयमा सचेत भएको भए सम्भवतः नेपालको राजसंस्था पतन हुने थिएन । बी बावत् घटनाक्रमबीचमा राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रभावहरूकै जगमा शाह साम्राज्यको पतन हुनगएको सबै जानकार छौं ।

उन्नत लोकतन्त्रभन्दा राजसंस्थात्मक व्यवस्था उन्नत हुनसक्दैन तर लोकतन्त्र भएका बंगलादेश, श्रीलंका नेपाललगायत कैयौं मुलुकमा शासकहरूको स्थिति कस्तो निर्मम र दुःखनीय रह्यो यो भने समीक्षा गर्ने विषय बनेको छ । जसको पुस्तासे बंगलादेशको जन्म गराथो उसैको सन्तान आज अन्य कुनै मुलुकमा निर्वाशीत हुनुपरेको छ । कम्तीमा ज्ञानेन्द्र शाह र पूर्वराजपरिवारले देश छोड्ने प्रयत्न त गरेन बसलाई सुखद् मान्नुपर्दछ । अफगानिस्तानमा तालिबानीहरूले सत्ता कब्जा गर्दाको स्थिति होस् वा रूस-युक्रेन, दक्षिण सुडानलगायत देशमा आमनागरिकको नरसंहारको विषयमा लोकतन्त्र कहाँ जाँधयो ? यस्ता दर्जनौं यक्ष प्रश्न समीक्षा गर्नुपर्ने विषय बनेको छ ।

नागरिक सर्वोच्चता स्थापना हुनुपर्ने मा शासक सर्वोच्चता स्थापित भयो भने लोकतन्त्रमात्र होइन कुनै तन्त्र कामयाप हुनसक्दैन । नागरिक र सरकारबीचको सुमधुर सम्बन्ध स्थापित भयो भनेमात्र मुलुकको शान्ति स्थायित्व र अमनचयन कायम गर्न सक्दछ । तसर्थ विद्यमान नेपालको राजनीतिक तरलतालाई विश्लेषण गरी शान्ति र स्थिरताको नयाँ अध्यायलाई आत्मसात नगर्ने हो भने देश दूलै संकटबाट गुज्रिनुपर्नेछ । अहिले नेपालको राजनीतिमा कुनै साझा नेता देखिँदैन । एकअर्कालाई अस्वीकार गर्ने हाम्रो आदत बनिसकेको छ । सेप्टेम्बर ८ पछिको घटनाले त झन् राज्यका प्रमुख मेकानिजमप्रति आरोप-प्रत्यारोप चलिरहेको छ ।

यो अवस्थामा मुलुकले आवश्यकता ठानेका साझा एजेण्डाहरूमा सामूहिक नेतृत्वको पहल भएन भने मुलुक अग्रगामी दिशातर्फ केन्द्रित हुनसक्दैन । तमाम देखिएका राजनीतिक समस्यालाई जनता संग्रहको माध्यमबाट किनारा लगाउ । केही दिनअघिमात्रै पूर्वप्रधानमन्त्री डाक्टर बाबुराम भट्टाई पनि ईण्डो नेपाल सम्बन्धको एक फोरममा भारत प्रस्थान गरेका थिए भने हाली पूर्वप्रधानमन्त्री एवं नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल पछि कांग्रेस नेतृ आरजु राणा देउवा पनि दिल्लीमा हुनुहुन्छ । यस्तै राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका नेता डा.स्वर्णिम वाग्ले दिल्ली जाँदै हुनुहुन्छ । यसको अर्थ पनि थ्रिभेक नीतिमा नेपालको बदलिँदो राजनीतिक परिस्थितिले कैयौं समस्या निम्त्याएको छ । विश्व भूराजनीतिको जटिल समस्यालाई समीक्षागत छलफलमार्फत आन्तरिक राजनीतिमा सामूहिक नेतृत्वको विकास गर्नु राष्ट्र र राष्ट्रियताको आत्मसम्मान हो । दत्तचित्त भई पछिल्लो नेपालको बदलिँदो अवस्थालाई मध्यनजर गरी राष्ट्रियता र लोकतन्त्र सुदृढीकरणका लागि सहकार्य गर्नु र एकअर्काप्रति सहअस्तित्व स्वीकार गर्नुको विकल्प छैन ।

सुद्धोधन-४ रूपन्देही ।

छविरमणको नियात्राकृति 'अमेरिकाको घाम' लोकार्पित

हिमालय टाइम्स

काठमाडौं, २४ पुस

कवि नियात्राकार तथा समीक्षक छविरमण सिलवालको नयाँ नियात्राकृति 'अमेरिकाको घाम' लोकार्पित भएको छ । काठमाडौंमा बुधबार एक कार्यक्रमबीच नियात्राकार सिलवालका साथै साहित्यकारहरू श्रीओम श्रेष्ठ 'रोदन', सुमन सौरभ, केशव पराजुली, नन्दु ऊेती, मधु पाठक र प्रदीप साण्डोटले कृति सार्वजनिक गर्नुभएको हो ।

साहित्यकार 'रोदन'ले सिलवालले पाठकलाई आफूसँगै अमेरिकाको यात्रा गराउन सक्षम भएको उल्लेख गर्नुभयो । प्रकाशन संस्था भुँडीपुराणका सञ्चालक पराजुलीले कृति मीठासपूर्ण भएकोले पाठकको माया पाउनेमा विश्वस्त रहेको बताउनुभयो । करिब १० कृति प्रकाशित गरिसकेकुभएका सिलवालको यो दोस्रो नियात्रा कृति हो । यस कृतिमा १३ वटा नियात्रा समावेश छन् । यस कृतिको मूल्य २७५ रुपैयाँ रहेको छ ।

प्रहरीमाथि चक्कु प्रहार गर्ने चारजना पक्राउ

काठमाडौं । प्रहरीमाथि चक्कु प्रहार गर्ने चोरी गिरोहका चारजनालाई प्रहरीले पक्राउ गरेको छ । मोटरसाइकल चोरीमा संलग्न गिरोहलाई नियन्त्रणमा लिन फुगेको प्रहरी टोलीमाथि उनीहरूले चक्कु प्रहार गरेका थिए । घटनामा एकजना प्रहरी घाइते भएका छन् । भक्तपुरको सूर्यविनायक नगरपालिका-१० नालागुम्बा नजिकै रहेको एक रेस्टुरेन्टमा प्रहरी टोली र चोरी गर्ने समूहबीच जम्काभेट भएको थियो । सो क्रममा गिरोहले चक्कु प्रहार गर्दा उपत्काका अपराध अनुसन्धान कार्यालयमा कार्यरत प्रहरी नायब निरीक्षक (सई) सञ्जीव केसी घाइते हुनुभएको छ । उहाँको महाराजगञ्जस्थित प्रहरी अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । प्रहरीले चक्कु प्रहारमा संलग्न तथा चोरी गर्ने गिरोहका २६ वर्षीय सागर शंकर सोती, २५ वर्षीय सन्तोष दुलाल, २० वर्षीय वीरेन्द्र मलिक र २७ वर्षीय अभय तुलाधरलाई पक्राउ गरेको छ । प्रहरीका अनुसार पक्राउ परेकामध्ये एकजना गत भदौ २३ र २४ गते भएको 'जेन-जी' प्रदर्शनका क्रममा फरार भएका कैदी रहेको खुलेको छ । घटनासम्बन्धी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । साथै, चोरी गरिएका दुईवटा मोटरसाइकलसमेत बरामद गरिएको छ ।

पाठकमाझ पार्वतीको 'छेपारो समय'

हिमालय टाइम्स

काठमाडौं, २४ पुस

पार्वती पुडासैनीको कवितासंग्रह 'छेपारो समय' पाठकमाझ आएको छ । भुँडीपुराण प्रकाशनद्वारा प्रकाशित उक्त कृतिमा ७५ कविता समेटिएका छन् । कृतिभित्रका कवितामा मानवीय मूल्य-मान्यतामा देखिएको विचलन, राजनीतिक गतिहीनता, मानवीय संवेदनाको ह्रास, स्वार्थका कारण सत्यताको पहिचालगायत विषयवस्तु प्रस्तुत छ । साहित्यकार डा.दामोदर पुडासैनीले छोटो संरचनामा व्यापक अर्थ दिन सक्ने क्षमता पार्वतीका कवितामा रहेको उल्लेख गर्नुभएको छ ।

ཅ་འོ་མའི་མཚོའི་གླིང་ལྷ་ཁུམ་ཁྱད་གྲགས།

Soluduhkunda Municipality
Office of The Muncipal Executive
Salleri, Solukhumbu
Koshi Province, Nepal

Invitation For Re- Sealed Quotation

(Second date of Publication: 2082-09 -25 (09-01-2026)

1. **Soluduhkunda Municipality,** Salleri Solukhumbu invites electronic Sealed Quotation from Nepalese eligible bidders for the following procedure :-

IFB No.	Discription of work	Bid Security Amount (NRs.)	Bid Document Fee NRs	Bid Validity period	Bid bond Security period	Remarks
01-GOODS-SQ-SDM-2082/083	Procurement of Vegetable Seeds	28,000	1,000.0	45 days	75 days	

2. Eligible bidders may obtain further information and inspect the e-bid forms at the website of PPMO **www.bolpatra.gov.np** and should submit online bids electronically through PPMO e-GP portal **www.bolpatra,gov.np**
3. For detail information contact in Soluduhkunda Municipality, Mobile No.9861588013, email: **Soluduhkundamun@gmail.com**

Chief Administrative Officer

Rolpa Municipality
Office Of The Municipal Executive
Liwang 2 Rolpa

Invitation for Bids

Date of publication: 1/9/2026

1. **Rolpa Municipality, Rolpa** invitations for electronic bids only from Nepaleses elegible bidders for the Procurement of Following as mentioned below under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Rolpa Municipality, Rolpa, e-mail: rolpanagarapalika@gmail.com, phone no. 086-44007**. **(Note: In BOQ up to Items 15, 72, 74, 75, 76, 78 to 86 & 88 to 95 are vatable items so bidders must keep the rate of without vat and other iteams are nonvatable. For any information can be contact in 9847851262 (Tank bahadur giri)**
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Last Date of Bid Submission	Date and time of Bid Opening	Bid Validity Period	Bid Security Validity Period
2-9-2026 on or before 12:00 hrs.	2-9-2026 at 14:00 hrs.	90 days	30 days beyond the validity period of bid.

Details of the Contract

S. N	Contract ID No.	Description of Works	Estimated Amount without VAT) (NRs)	Bid Security (NRs.)	Bid Document Price	Address
1	RM/ROLPA/NCB/G/18/2082-083	Nisulka Aushadi Tatha Sarjikal Samagri Kharid.	41,79,969.89	1,10,000/-	3000/-	Rolpa municipality ward no. 02

Information to deposit the cost of bidding document in the Bank

Name of the Bank	Name of Office	Office Code no	Office Account no (Dharauti Khata)	Rajaswa Shirshak	Rajaswa Account No
Nepal Bank Limited	Rolpa Municipality, Rolpa	801055401	07603000003000000001	14229	07603000001001000001

Chief Administrative Officer

Shahidnagar Municipality
Office of the Municipal Executive
Shahidnagar, Dhanusha
Madhesh Pradesh, Nepal

Invitation for Bid

First Date of Publication: 9th Jan 2026 A.D. (2082/09/25)

1. Shahidnagar Municipality, Office of the Municipal Executive, Dhanusha invites electronics bids from eligible bidders for the following procurement of works under National Competitive Bidding-Single Stage: Two Envelope Bidding Procedures. Bidding is open to all eligible Nepalese Bidders.

S.N	Contract Name	Contract ID No.	Bid Document Price (Non Refundable)	Bid Security	Last Date of Bid Purchase	Last Date of Bids Submission	Bid Opening Date
1	शहीदनगर नगरपालिका भित्र कृषि तार पोल जडान कार्य ।	SNM/NCB/WORKS/1/2082-083	Nrs.5000	Nrs. 729000	8 th Feb 2026,during office hrs.	9th Feb 2026, (Within 12:00 hrs)	9th Feb 2026, Within 13:00 hrs
2	शहीदनगर नगरपालिका भित्र बोर्डिङ्ग जडान कार्य ।	SNM/NCB/WORKS/2/2082-083	Nrs.5000	Nrs. 728000	8 th Feb 2026, during office hrs.	9th Feb 2026 (Within 12:00 hrs)	9th Feb 2026, Within 13:00 hrs

Contract No	(Qualification Criteria) Average Annual Construction Turnover of the best 3 years within the last 10 years:	(Qualification Criteria) Contract of similar size and Nature
SNM/NCB/WORKS/1/2082-083	Nrs.20700000.00	At least One government LT line Contract within last Ten (10) Years with a value of Nrs.10344000.00
SNM/NCB/WORKS/2/2082-083	Nrs.19337000.00	At least One government Shallow Tubwell Contract within last Ten (10) Years with a value of Nrs.10313000.00

2. Eligible Bidders may obtain further information from the Shahidnagar Municipality, office of the Municipal Executive or Visit *https://www.bolpatra.gov.np/egp* .
3. If any provisions of this document are inconsistent with Public Procurement Act 2063 and public procurement Regulations 2064, the provision of this document shall be void to the extent of such inconsistency and the provision of PPA and PPR prevail.

Chief Administrative Officer

महासंघको चौथो वार्षिक महासभा बस्ने सूचना

नेपाल जग्गा तथा आवास विकास महासंघको मिति २०८२।०९।०४ गते बसेको केन्द्रिय कार्य समितिको बैठकले महासंघको चौथो वार्षिक महासभा मिति २०८२।१०।१६ गते देहायको एजेण्डासहित चितवन जिल्लाको भरतपुरमा गर्ने निर्णय गरेकोले महासंघका सम्पूर्ण सभासद्हरूको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

एजेण्डा: महासंघको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन पारित गर्ने, महासंघको आगामी योजनाहरू प्रस्तुत गर्ने, लेखापरीक्षकको नियुक्ति गर्ने, विधान संशोधन आदि ।

महासभा हुने समय र स्थान: बिहान ११ बजे, दियालो फुडल्याण्ड प्रा. लि., क्षेत्रपुर-३, भरतपुर, चितवन ।

पुनश्च: महासंघको नयाँ सदस्यता लिने प्रक्रयामा रहेका जिल्ला संघ तथा कम्पनीहरूले आगामी मिति २०८२।१०।१३ गतेभित्र महासंघमा सम्पर्क राखी महासंघको विधान बमोजिमको प्रकृया पूरा गरी सदस्यता लिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

नेपाल जग्गा तथा आवास विकास महासंघ
वाग्मती लिंक रोड, बुद्धनगर, काठमाडौं, फोन नं. ०१-५९१३४८९